आज मिति २०८०।०७।१६ गतेका दिन विहान ८:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ३० औं बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

**तपशील**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | श्री दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | श्री झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | श्री सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | श्री दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | श्री माधव कुमार जैसी | सचिव | |

**अन्य उपस्थिति:**

| | | | |
|---|---|---|---|
| १ | श्री प्रयागराज खनाल | नगर प्रमुखको सचिवालय | |
| २ | श्री भानुभक्त उपाध्याय | प्रशासन शाखा प्रमुख | |

Scanned with CamScanner

**प्रस्ताव नं. १ विस्तृत अध्ययन प्रतिवेदन (DPR) को रकम भुक्तानी सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ३ मा अवस्थित कर्णाली चिसापानीमा लाईटिङ निर्माणकार्यको विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने / गराउने कार्यका लागि आ.व. २०७९।०८० मा सम्झौता भई विस्तृत अध्ययन प्रतिवेदन (DPR) यस कार्यालयमा पेश हुन आएकोले उक्त विस्तृत अध्ययन प्रतिवेदन (DPR) को सम्झौता वापतको रकम आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ योजनाको म्याद थप सम्बन्धमा।**

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोग अन्तर्गत राष्ट्रिय भूमि आयोग, स्थानीय सेवा केन्द्रद्वारा सञ्चालन गरिएको जग्गा नापजाँच कार्यका लागि तपिशल बमोजिमका परामर्शदाताहरुसँग सम्झौता गरि जग्गा नापजाँचको कार्य सूचारु गरिएकोमा सम्झौतामा उल्लेख गरिएकोमा Work Plan अनुसार जग्गाको नापजाँच गरि पुर्जा प्रमाणिकरण समेत सम्झौता गरिएको परामर्शदाताले नै गर्नुपर्ने व्यहोरा लेखिएकोले उक्त परामर्शदाताले जग्गा नापजाँचको कार्य सम्पन्न गरिसकेकोमा पुर्जा प्रमाणिकरणका लागि थप समय आवश्यक पर्ने हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौ संशोधन) को नियम १२० को उप-नियम ३ बमोजिम २०८१ असार मसान्तसम्म सम्झौता रकम बाहेकको थप आर्थिक भार नपर्ने गरी सम्झौताको म्याद थप गर्ने निर्णय पारित गरियो

<u>तपशिल :-</u>

१ जसोदा ईन्जिनियरिड्ग कन्सेल्टेन्सी प्रा.लि. धनगढी, कैलाली।

२ सेति सैपाल ईन्जिनियरिड्ग सर्भिसेज प्रा.लि. अत्तरिया, कैलाली।

३ जसोदा ईन्जिनियरिड्ग कन्सेल्टेन्सी प्रा.लि. धनगढी, कैलाली।

**प्रस्ताव नं. ३ कार्यविधि स्वीकृति गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल लम्कीचुहा नगरपालिकाद्वारा तर्जुमा गरिएका तपशिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने निर्णय पारित गरियो।

१ लोक कल्याणकारी सुचना तथा संदेश प्रवाहको रकम भुक्तानि गर्ने सम्बन्धी कार्यविधि , २०८०

२ शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (स्थानान्तरण) कार्यविधि, २०८०

३ लम्कीचुहा नगरपालिकाको विद्यालय लेखा परीक्षण निर्देशिका, २०८०

४ स्थानीय शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०८०

५ नगर प्रहरी सञ्चालन कार्यविधि , २०८०

प्रस्ताव नं. ३ को ५ नम्बर मुद्दामा असहमति छ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ४ लम्कीचुहा नगरपालिका वडा न . ३ मा पार्क निर्माणकालागि चार किल्ला प्रमाणित सम्बन्धमा।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. - ३ मा नगर विकास कोष योजना अन्तर्गत बहुउपयोगी पार्क निर्माणका लागि चार किल्ला तपशिल बमोजिम प्रमाणित गर्ने निर्णय गरियो ।

तपिशल

| | |
|---|---|
| १ पूर्व :- कर्णाली नदी | २ पश्चिम :- महेन्द्र राजमार्ग अछाम रोड |
| ३ उत्तर :- शिब मन्दिर | ४ दक्षिण :- मसानघाट प्रतिक्षालय |

**प्रस्ताव नं. ५ डिजिटल चेक प्वाइन्ट निर्माणकालागि आवश्यक रकम विनियोजन गर्ने सम्बन्धमा।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ३ चिसापानिमा ट्राफिक डिजिटल चेक प्वाइन्ट निर्माण कार्यका लागि आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत समपुरक कोष शीर्षकबाट व्ययभार हुने लागत अनुमान बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६ जिल्ला विपद व्यवस्थापन समितिलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।**

निर्णय नं. ६.प्रस्ताव नं. ६ माथि छलफल गर्दा जिल्ला विपद व्यवस्थापन समिति धनगढी कैलालीलाई रु १,००,०००।– अक्षेरुपी एक लाख मात्र आर्थिक सहयोग गर्ने निर्णय पारित गरियो।।

**प्रस्ताव नं. ७ दैनिक खाजा नास्ता वापतको रकम सम्बन्धमा।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा कार्यरत ट्रिप्पर चालक, ट्याक्टर चालक, जेसिबी चालक, दमकल चालक, कुचिकारहरुलाई आ.व. २०८०।०८१ कालागि २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी सवारीसाधनको प्रमाणित लगबुकका आधारमा दैनिक रु २५० (अक्षेरुपी रु दुई सय पँचास मात्र ) खाजा नास्ता वापत भत्ता उपलब्ध गराउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ८ इन्धन तथा सवारी मर्मत सम्बन्धमा ।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा कार्यरत कर्मचारीलाई इन्धनबापत आ.व . २०८०।०८१ को लागि २०८० श्रावण १ गतेबाट लागु हुने गरी मासिक इन्धन वापतको नगद दिने निर्णय पारित गरियो । साथै लम्कीचुहा नगरपालिका नगर कार्यपालिका कार्यालयका नाममा दर्ता भएका सवारी साधनको मात्र मर्मत सम्भार गर्ने निर्णय पारित गरियो।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

तपशिल :-

| क्र.स. | कर्मचारीको विवरण | मासिक रकम रु | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय सहयोगी वा सो सरह | रु १०००।०० अक्षेरुपी रु एक हजार मात्र | (सबै सेवा समुहका कर्मचारीका लागि ) |
| २ | मुखिया, सहायक चौथो र पाँचौ | रु रु १५००।०० अक्षेरुपी रु एक हजार पाँच सय मात्र | (नेपाल ईन्जिनियरिङ्ग सेवा बाहेकका अन्य सेवाका कर्मचारी ) |
| ३ | अमिन, सर्वेक्षक | रु २५००।०० अक्षेरुपी रु दुई हजार पाँच सय मात्र | |
| ४ | सब ईन्जिनियर, असिस्टेन्ट सब ईन्जिनियर | रु २५००।०० अक्षेरुपी रु दुई हजार पाँच सय मात्र | (नेपाल ईन्जिनियरिङ्ग सेवाका कर्मचारी ) |
| ४ | अधिकृत स्तर | रु २०००।०० अक्षेरुपी रु दुई हजार मात्र | (नेपाल ईन्जिनियरिङ्ग सेवा बाहेकका अन्य सेवाका कर्मचारी ) |
| ५ | ईन्जिनियर अधिकृत स्तर | रु ३०००।०० अक्षेरुपी रु तीन हजार मात्र | (नेपाल ईन्जिनियरिङ्ग सेवाका कर्मचारी ) |

**प्रस्ताव नं. ९ विविध प्रस्ताव सम्बन्धमा।**

**प्रस्ताव नं. ९ लम्कीचुहा अस्पताललाई अनुदान सम्बन्धमा ।**

निर्णय नं. ९.१ प्रस्ताव नं. ९.१ छलफल गर्दा आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि लम्कीचुहा नगरपालिका वडा नं. – २ स्थित लम्कीचुहा अस्पतालमा ट्रस निर्माण, फर्निचर निर्माण र मर्मत सम्भार कार्यका लागि लम्कीचुहा अस्पताललाई रु २०,००,०००।०० (अक्षेरुपी रु बीस लाख मात्र ) अनुदान दिने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ९.२ दैनिक गिट्टि बालुवाको रेखदेख कार्यमा खटिएका कर्मचारी खाजा नास्ता वापतको रकम सम्बन्धमा। ।**

निर्णय नं. ९.२ प्रस्ताव नं. ९.२ लम्कीचुहा नगरपालिका सिमाभित्र रहेका विभिन्न खोलाहरुको रेखदेख गर्ने कार्यमा खटिएका तपशिल बमोजिमका कर्मचारीहरुलाई आ.व. २०८०।०८१ कालागि २०८१ श्रावण १ गतेदेखि लागु हुने गरी दैनिक रु २५० (अक्षेरुपी रु दुई सय पँचास मात्र) खाजा नास्ता वापत भत्ता उपलब्ध गराउने निर्णय पारित गरियो।

तपशिल :-

Scanned with CamScanner

१ भिमराज बजगाई　　　　२ निराजन बजगाई

३ कमल साउँद　　　　४ नेत्र अधिकारी

**प्रस्ताव नं. ९.३ प्रोत्साहन भत्ता रकम सम्बन्धमा।**

निर्णय नं. ९.३ प्रस्ताव नं. ९.३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको सिमाभित्रका उत्खननमा रोक लगाईएको खोलाहरुबाट अवैध रुपमा ढुङ्गा बालुवा चोरी निकासी गरीरहेको अवस्थामा नियन्त्रणमा लिई लम्कीचुहा नगरपालिकाको कार्यालयमा कारबाहीका लागि सिफारिस गरेमा लम्कीचुहा नगरपालिकाबाट गरिएको कुल जरिवानाको रकमको २० (वीस प्रतिशत) ले हुन आउने रकम आ.व.२०८०।०८१ का लागि २०८० श्रावण १ गतेबाट लागु हुने गरी प्रोत्साहन स्वरुप दिने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ९.४ रबर बोट (Boat) हस्तान्तरण सम्बन्धमा ।**

निर्णय नं. ९.४ प्रस्ताव नं. ९.४ माथि छलफल गर्दा लम्कीचुहा नगरको कार्यालयलाई आ.व. २०७८।०७९ मा USAID तयार नेपालद्वारा प्राप्त भएको रबर बोट (**Boat**) ईलाका प्रहरी कार्यालय चिसापानीलाई हस्तान्तरण गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ९.५ आवास सम्झौता सम्बन्धमा। ।**

निर्णय नं. ९.५ प्रस्ताव नं. ९.५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा कार्यरत अधिकृत स्तरका शाखा प्रमुखलाई २०८० श्रावण १ गतेबाट लागु हुने गरी मासिक कर सहित रु ८५००।०० (अक्षेरुपी आठ हजार पाँच सय मात्र) रकममा नबढने गरी २ वटा कोठा भएको आवास सुविधा वापत घरभाडा उपलब्ध गराउने निर्णय पारित गरियो। अधिकृतस्तरका शाखा प्रमुख बाहेक अन्य कर्मचारीको हाल सम्झौता भई सम्झौताको म्याद नसिकएको आवास सुविधा वापतको घरभाडा सम्झौता २०८० मंसिर १ गतेबाट लागु हुने गरी रद्द गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ९.६ प्रोत्साहन रकम सम्बन्धमा ।**

निर्णय नं. ९.६ प्रस्ताव नं. ९.६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका भित्र रहेका तपशिल बमोजिमका नेपाल प्रहरी र सशस्त्र प्रहरी कार्यालयलाई नेपालीहरुको महान चाड दशैमा सुरक्षा व्यवस्था चुस्त दुरुस्त राख्ने कार्य गरे बापत प्रोत्साहन स्वरुप देहाय बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय पारित गरियो।

| क्र.स. | प्रहरी / सशस्त्र प्रहरी कार्यालयको विवरण | प्रोत्सहा रकम | कैफियत |
|---|---|---|---|
| १ | ईलाका प्रहरी कार्यालय लम्की, कैलाली | २०,०००।- अक्षेरुपी बीस हजार मात्र। | |
| २ | ईलाका प्रहरी कार्यालय चिसापानी , कैलाली | २०,०००।- अक्षेरुपी बीस हजार मात्र। | |

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | सशस्त्र प्रहरी बेस क्याम्प डुडेझारी, कैलाली | २०,०००।- अक्षेरुपी बीस हजार मात्र। | |
| ४ | सशस्त्र प्रहरी बेस क्याम्प प्रतापपुर, कैलाली | २०,०००।- अक्षेरुपी बीस हजार मात्र। | |
| ५ | अस्थायी प्रहरी कार्यालय चुहा- १०, कैलाली | १०,०००।- अक्षेरुपी दश हजार मात्र। | |

**प्रस्ताव नं. ९.७ शहरी शासकीय पूर्वाधार अन्तर्गतका योजनाको म्याचिङ सम्बन्धमा ।**

निर्णय नं. ९.७ प्रस्ताव नं. ९.७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गत रहेका शहरीय शासकीय पूर्वाधार अन्तर्गत रहेका विभिन्न योजनाहरुमा आवश्यक रकम म्याचिङ गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ९.८ दैनिक ज्यालादारी कर्मचारी नियुक्ति सम्बन्धमा ।**

निर्णय नं. ९.८ प्रस्ताव नं. ९.८ माथि छलफल गर्दा धनगढी उपमहानगरपालिका वडा न. १३ निवासी बिकास रानालाई राष्ट्रिय भूमि आयोग लम्कीचुहा नगरपालिका स्थानीय सेवा केन्द्र भल्का कैलालीमा सर्वेक्षक पदमा सहायक स्तर पाँचौ तह सर्वेक्षक पदकोलागि तोकिए बमोजिमको रकम भुक्तानि गर्ने गरी २०८० मंसिर १ गतेदेखि लागुहुनेगरी बढीमा ६ महिना दैनिक ज्यालादारीका रुपमा कामकाजमा लगाउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ९.९ साझेदारीमा विद्यालय भवन निर्माण सम्बन्धमा ।**

निर्णय नं. ९.९ प्रस्ताव नं. ९.९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गत रहेका तपशिल बमोजिमका विद्यालय भवन Build On Nepal सँगको साझेदारीमा निर्माण गर्ने निर्णय पारित गरियो।

तपशिल :-

१ जीवनदीप आ. वि. बल्चौर, लम्कीचुहा -३ , कैलाली।

२ नवजागरण आ.वि. बनवर्सा, लम्कीचुहा – ९ कैलाली।

**प्रस्ताव नं. ९.१० सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धमा ।**

निर्णय नं. ९.१० प्रस्ताव नं. ९.१० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको लागि आवश्यक पर्ने तपशिल बमोजिमका पदहरुमा नयाँ दरबन्दी स्वीकृत गर्ने र सेवा करारमार्फत पदपूर्ति गर्ने निर्णय पारित गरियो ।

तपशिल :-

१ असिस्टेन्ट सब इन्जिनियर ल्याब टेक्निसियन (सहायक चौथौ) :- पद सङ्ख्या १ (एक)

२ अ.न.मि. :- पद सङ्ख्या १(एक)

३ का.स. :- पद सङ्ख्या २ (दुई)

४ हलुका सवारी चालक :- पद सङ्ख्या २ (दुई)

५ हलुका सवारी चालक (मिनि ट्रक) :- पद सङ्ख्या २ (दुई)

Scanned with CamScanner

६ Back hoe Loader चालक :- पद सङ्ख्या १(एक)

७ Roller चालक :- पद सङ्ख्या १(एक)

८ भारी सवारी चालक :- पद सङ्ख्या १(एक)

**प्रस्ताव नं. ९.११ आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. ९.११ प्रस्ताव नं. ९.११ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकाको कार्यालयमा आर्थिक सहायताको लागि पेश भएका निवेदनहरु माथि तपशील बमोजिमको रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

तपशील

| क्र.सं. | सहायता पाउनेको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | केशब अधिकारी | लम्कीचुहा - ४ | २५,०००।- अक्षेरुपी पच्चिस हजार मात्र । |
| २ | जंग बहादुर देवल | लम्कीचुहा - १ | २५,०००।- अक्षेरुपी पच्चिस हजार मात्र । |
| ३ | चुन्नी चौधरी | लम्कीचुहा - १ | १५,०००।- अक्षेरुपी पन्ध्र हजार मात्र । |
| ४. | चन्द्र बि.क. | लम्कीचुहा - १ | १५,०००।- अक्षेरुपी पन्ध्र हजार मात्र । |
| ५ | शेर बहादुर चौधरी | लम्कीचुहा - १ | १५,०००।- अक्षेरुपी पन्ध्र हजार मात्र । |
| ६ | भूमि जैसी | लम्कीचुहा - १ | १५,०००।- अक्षेरुपी पन्ध्र हजार मात्र । |
| ७ | नन्दकला धामि | लम्कीचुहा - १ | १०,०००।- अक्षेरुपी दश हजार मात्र । |
| ८ | गुरुप्रसाद ढकाल | लम्कीचुहा - ५ | १५,०००।- अक्षेरुपी पन्ध्र हजार मात्र । |
| ९ | ललिता बि. क. | लम्कीचुहा – ६ | १५,०००।- अक्षेरुपी पन्ध्र हजार मात्र । |
| १० | चन्द्रा देवी खडका | लम्कीचुहा – ६ | १५,०००।- अक्षेरुपी पन्ध्र हजार मात्र । |
| ११ | माया रावत | लम्कीचुहा – ६ | ३,०००।- अक्षेरुपी तीन हजार मात्र । |

**प्रस्ताव नं. ९.१२ झुङा रिसोर्ट भुक्तानि सम्बन्धमा ।**

निर्णय नं. ९.१२ प्रस्ताव नं. ९.१२ माथि छलफल गर्दा आर्थिक वर्ष २०७९।०८० मा यस कार्यालयबाट विविध खर्च शीर्षक रकमबाट झुङा रिसोर्टको नाममा भुक्तानी गरिएको चेक नसाटिएको कारणले यस आर्थिक वर्षमा दायित्व सिर्जना गरी झुङ्गा रिसोर्टको बाँकी रहको रु ९७,७५०।०० (अक्षेरुपी रु सन्तानब्बे हजार सात सय पचास मात्र) भुक्तानी दिने निर्णय पारित गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. ९.१३ शब बाहन खरिद सम्बन्धमा**

निर्णय नं. ९.१३ प्रस्ताव नं. ९.१३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि आवश्यक १ (एक) थान शब बाहन खरिदका लागि आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि रु २५,००,०००।०० (अक्षेरुपी रु पच्चिस लाख मात्र ) रकम विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९.१४ सभाहल र सेवाग्राही आश्रम व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं.९.१४ प्रस्ताव नं. ९.१४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा रहेको भवनको सभाहल र सेवाग्राही आश्रम व्यवस्थापन गर्नकालागि आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि रु १०,००,०००।०० (अक्षेरुपी रु दश लाख मात्र ) रकम विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९.१५ यात्रु प्रतिक्षालय निर्माण सम्बन्धमा ।**

निर्णय नं. ९.१५ प्रस्ताव नं. ९.१५ माथि छलफल लम्कीचुहा नगरपालिका वडा नं. – १ स्थित बसपार्कमा यात्रु प्रतिक्षालय निर्माणका लागि आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि लागत अनुमान बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९.१६ सि.सि. क्यामेरा मर्मत तथा सम्भार सम्बन्धमा ।**

निर्णय नं. ९.१६ प्रस्ताव नं. ९.१६ माथि छलफल गर्दा लम्कीचुहा नगर भित्र रहेका सि.सि. क्यामेरा मर्मत सम्भार गर्न आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरी लागत अनुमान बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९.१७ प्रवेश द्वारा निर्माण सम्बन्धमा ।**

निर्णय नं. ९.१७ प्रस्ताव नं. ९.१७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको महेन्द्र राजमार्ग सँग जोडिएका सिमाभित्र तपशिल बमोजिमको स्थानमा प्रवेशद्वारा निर्माण गर्ने निर्णय पारित गरियो।

१ चिसापानी (अछामरोड) २ अमौरा ३ चुहा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रमाणित